# सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४

दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले ऐनको दफा ३० को उपदफा (४) बमोजिम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा भएको रकम उपदफा (५) बमोजिम नेपाल सरकारको दूरसञ्चार नीतिको अधिनमा रही प्रयोग गर्नका लागि उपदफा (६) बमोजिम ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास विस्तार तथा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति तोक्ने प्रयोजनका लागि यो “**सेवा प्रदायक तोक्ने सम्बन्धी** (कार्यविधि) **विनियमावली, २०६४**” बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विनियमावलीको नाम “**सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४**” रहेको छ ।

(२) यो विनियमावली प्राधिकरणबाट निर्णय भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा -

(क) “ऐन” भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) “नियमावली” भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनु पर्छ ।

(ग) “प्राधिकरण” भन्नाले नेपाल दूरसञ्चार प्राधिकरणलाई सम्झनु पर्छ ।

(घ) “कोष” भन्नाले ऐनको दफा ३० को उपदफा (४) बमोजिम स्थापना गरीएको ग्रामीण दूरसञ्चार विकास कोषलाई सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले “**ग्रामीण दूरसञ्चार विकास कोष परिचालन** (कार्यविधि) **विनियमावली, २०६४**” को विनियम ६ बमोजिम गठित ग्रामीण दूरसञ्चार विकास कोष परिचालन समिति सम्झनु पर्छ ।

(च) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(छ) "दूरसञ्चार सेवा" भन्नाले आधारभूत टेलिफोन (Wire line, Wireless in Local Loop) सेवा, मोबाइल सेवा, इन्टरनेट (Broadband) लगायतका सेवाहरुलाई सम्झनु पर्छ ।

(ज) "ग्रामीण क्षेत्र" भन्नाले नेपाल राज्यका काठमाडौं उपत्यका, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र महानगरपालिका, उप-महानगरपालिकासंग सिमान जोडिएका गाऊ विकास समितिहरु बाहेकका गाऊ विकास समितिहरुको क्षेत्रलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## अनुमतिपत्र प्राप्त व्यक्ति तोक्ने सम्बन्धी

**३. अनुमतिपत्र प्राप्त व्यक्ति तोक्ने आधार:** (१) कोष परिचालन समितिले देहाय बमोजिमका दूरसञ्चार सेवा विस्तार र सञ्चालनका लागि देहाय बमोजिमका अनुमतिपत्र प्राप्त व्यक्तिहरु बीच प्रस्ताव माग गरी छनौट गर्नेछ :-

(क) टेलिफोन सेवा नभएका ग्रामीण क्षेत्रमा टेलिफोन (तार वा ताररहित) सेवा विकास, विस्तार र सञ्चालन गर्न आधारभूत दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त व्यक्ति,

(ख) टेलिफोन सेवा नभएका ग्रामीण क्षेत्रमा मोबाइल टेलिफोन सेवाको विकास, विस्तार तथा सञ्चालनका लागि मोबाइल दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त व्यक्ति,

(ग) टेलिफोन सेवा नभएका ग्रामीण क्षेत्रमा इन्टरनेट (ब्रोडब्याड) सेवाको विकास, विस्तार तथा सञ्चालनका लागि इन्टरनेट सेवाको अनुमतिपत्र प्राप्त व्यक्ति,

(घ) टेलिफोन बाहेकका अन्य सूचना तथा सञ्चार प्रविधिको विकासका लागि प्राधिकरणले तोके बमोजिमको सेवाको अनुमतिपत्र प्राप्त व्यक्ति ।

तर, उपविनियम (१) मा अनुमतिपत्र प्राप्त व्यक्ति तोक्ने जुनसुकै आधार उल्लेख भएको भएतापनि प्राधिकरणले अनुदान दिई सेवा विकास र विस्तार गर्ने काम गराउन अनुमतिपत्र प्राप्त व्यक्तिहरुवीच प्रतिस्पर्धा गराउन चाहेमा अन्य किसिमका आधारहरु समेत तोकी प्रस्ताव माग गर्न सक्नेछ ।

(२) दूरसञ्चार सेवा पुगि नसकेका ग्रामीण क्षेत्र तथा सेवा सञ्चालन गर्नुपर्ने समय सिमा निर्धारण गरी समितिले देहाय बमोजिमका आधारमा अनुमतिपत्र प्राप्त व्यक्तिको छनौट गर्नेछ :-

(क) प्रति लाईन न्यूनतम अनुदान प्रस्ताव गर्ने वा

(ख) कोषले प्रदान गर्ने अनुदान रकममा अधिकतम क्षेत्रमा सेवा पुऱ्याउन प्रस्ताव गर्ने ।

(३) उपविनियम (२) बमोजिम अनुदान दिई सेवा सञ्चालन गर्न प्रस्ताव माग गरी सेवा प्रदायकको छनौट गर्दा देहाय बमोजिमका खर्च दिइने वा नदिइने सो खुलाउनु पर्नेछ : –

(क) उपकरणको अन्तराष्ट्रिय बजारको प्रतिस्पर्धाबाट तय हुने मूल्य बराबरको रकम वा

(ख) उपकरणको जडान तथा ढुवानी खर्च वा

(ग) सेवा सञ्चालन गर्दा आवश्यक पर्ने व्याण्डबिडथ (Bandwidth) को खर्च वा

(घ) यस खण्डमा उल्लेख गरीएका शीर्षकका खर्चहरु पूर्ण रुपमा वा आंशिक रुपमा अनुदान स्वरुप वा सापटी तिर्ने गरी ऋणको रुपमा वा प्राधिकरणबाट तोके बमोजिमको अन्य किसिमबाट दिन सकिनेछ ।

## परिच्छेद - ३

## अनुदान भुक्तानी सम्बन्धी व्यवस्था

**४. अनुदान भुक्तान दिने सम्बन्धमा:** (१) सेवा प्रदायकको छनौट भई सम्झौता भएपछि प्रदान गरिने अनुदानको २० प्रतिशत रकम समितिले तोकेको अवधिको लागि मान्य हुने सोही रकम बरावरको बैंक ग्यारेन्टीको आधारमा प्रदान गर्न सकिनेछ ।

(२) सेवा सञ्चालनको लागि गरिएको सम्झौतामा उल्लेखित कामको ३० (तीस) प्रतिशत काम सम्पन्न गरिसकेपछि ३० (तीस) प्रतिशत अनुदान सो काम भएको प्रमाणिकरण भएपछि प्रदान गरिनेछ।

(३) उपविनियम (२) बमोजिम उल्लेखित काम सम्पन्न भएपछि बाँकि कामको हकमा कम्तिमा थप २० प्रतिशत काम सम्पन्न भएको प्रमाणीकरण भएपछि काम सम्पन्न भए बराबरको अनुदान रकम दिइनेछ।

(४) सेवा प्रदायकले सम्झौता गरे बमोजिम सेवा सञ्चालन गरे नगरेको प्रमाणित समितिले तोकेको प्राधिकरण कर्मचारी वा विशेषज्ञ सहितको टोलीले गर्नेछ। सो टोलीले प्रामाणिकरण गरेको सिफारिसको आधारमा समितिले अनुदान भुक्तानी गर्नेछ।

(५) उपविनियम (१) बमोजिम राखिएको बैंक ग्यारेण्टीको रकम सत प्रतिशत कार्य सम्पन्न भईसकेको प्रमाणीकरण भएपछि फुकुवा गरिनेछ।

**५. ग्राहकसंग लिने शुल्क सम्बन्धमा:** (१) अनुदान प्राप्त गरी सेवा संचालन गर्ने सेवा प्रदायकले लिने शुल्क तथा दस्तूरहरु प्राधिकरणले तोकेभन्दा बढी हुने छैन।